बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# सामाजिक विकास कार्यालय

काभ्रेपलान्चोक

पत्र सङ्ख्या: ०८२/०८२
चलानी नम्बर: ९५०

मितिः २०८२/०१/०५

श्री सबै स्थानीय तहहरु, काभ्रेपलाञ्चोक ।
श्री सबै स्थानीय तहहरु, सिन्धुपाल्चोक।
श्री सबै स्थानीय तहहरु, रामेछाप।
श्री सबै स्थानीय तहहरु, दोलखा।

विषयः सूचना पठाइएको सम्बन्धमा।

प्रस्तुत विषयमा "शिक्षक दरबन्दी कम भएका सामुदायिक माध्यमिक विद्यालयहरुलाई कक्षा सञ्चालनका लागि डिजिटल सामग्री सहयोग" कार्यक्रमका लागि सामुदायिक माध्यमिक विद्यालयहरुवाट प्रस्ताव माग गरिएको यसै पत्रसाथ संलग्न सूचना तहाँको सूचना पाटी तथा वेवसाइटमा राखी दिनु हुन अनुरोध छ।

रन माया फ्याक
कार्यालय प्रमुख

नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
दर्ता नं.: ३६६
दर्ता मिति: २०८२/०१/०८

बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# सामाजिक विकास कार्यालय

धुलिखेल, काभ्रेपलाञ्चोक

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०१/०५

चालु आ.व.२०८१/०८२ मा यस कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको कार्यक्रम सञ्चालन गर्ने गरी बजेट स्वीकृत भएको हुँदा **"शिक्षक दरबन्दी कम भएका सामुदायिक माध्यमिक विद्यालयहरुलाई कक्षा सञ्चालनका लागि डिजिटल सामग्री सहयोग सम्बन्धी कार्यविधि, २०८१"** बमोजिम आवश्यक कागजातहरु सहित आवेदन तथा प्रस्ताव पत्र सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (२०८२ वैशाख १९ गते भित्र) यस कार्यालयमा पेश गर्न काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाका इच्छुक सामुदायिक माध्यमिक विद्यालयहरुका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कार्यक्रमको नाम | क. प्रस्ताव पेश गर्ने विद्यालयहरुले पुरा गर्नु पर्ने शर्तहरु |
|---|---|
| शिक्षक दरवन्दी कम भएका सामुदायिक माध्यमिक विद्यालयहरुलाई कक्षा सञ्चालनका लागि डिजिटल सामग्री सहयोग कार्यक्रम | १. प्रचलित शिक्षा ऐन तथा नियमावली र मापदण्ड बमोजिम न्यूनतम शिक्षक दरवन्दी नपुगेको सामुदायिक विद्यालय हुनुपर्नेछ ।<br>२. सामुदायिक माध्यमिक विद्यालयमा कम्तिमा कक्षा ९ सम्मको अनुमति लिइ कक्षा सञ्चालन भएको हुनुपर्नेछ ।<br>३. सामग्रीको व्यवस्थापन तथा अध्ययनका लागि कम्तिमा एउटा छुट्टै कक्षाकोठा हुनुपर्नेछ ।<br>४. विद्यालयमा विद्युत वा वैकल्पिक उर्जाको व्यवस्था भएको हुनुपर्नेछ ।<br>**ख. प्रस्तावनाका साथ पेश गर्नु पर्ने कागजातहरु**<br>१. कार्यक्रम प्रस्तावना पत्र<br>२. कक्षा ..... सम्मको अनुमति पत्रको प्रतिलिपि<br>३. शैक्षिक सत्र २०८१ को कक्षागत विद्यार्थी संख्या खुलेको IEMIS बाट प्रिन्ट गरेको प्रमाणित प्रतिलिपि<br>४. तहगत रुपमा दरवन्दी (स्वीकृत दरवन्दी र राहत) विवरण खुलेको स्थानीय तहको सिफारिस<br>५. कार्यक्रम माग सम्वन्धी विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपि<br>६. कार्यक्रम सञ्चालन सम्वन्धी र वि.व्य.स.को म्याद कायम रहेको सम्वन्धित स्थानीय तहको शिक्षा शाखाको सिफारिस पत्र (गठन मिति र पदाधिकारीको नामावली विवरण सहित)<br>७. यस कार्यक्रमका लागि अन्य कुनै निकायबाट अनुदान नलिएको विद्यालयको स्वःघोषणा पत्र<br>८. विद्यालयमा विद्युत व्यवस्था भएको यकिन पत्र वा विद्यालयको नाममा जारी विद्युत महशुल वीलको प्रतिलिपि<br>९. डिजिटल सामग्री व्यवस्थापन र कक्षा सञ्चालनका लागि एउटा छुट्टै कक्षाकोठा भएको/व्यवस्था गर्न सकिने विद्यालयको पत्र |
| स्पष्टिकरण: म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन । | |

सम्वन्धित कार्यविधि, कार्यक्रम प्रस्तावको ढाँचा लगायत जानकारीको लागि शिक्षा विकास निर्देशनालय, वागमती प्रदेश, हेटौंडाको वेवसाइट http://edd.bagamati.gov.np/ र यस कार्यालयको वेवसाइट http://103.140.1.186/ हेर्न सकिनेछ ।

राष्ट्रिय दैनिक पत्रिका हिमालय टाइम्समा मिति २०८२।०१।०५मा प्रकाशित ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# सामाजिक विकास कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०१/०५

यस कार्यालयको चालु आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम वमोजिम **'शिक्षक दरवन्दी कम भएका सामुदायिक माध्यमिक विद्यालयहरुलाई कक्षा सञ्चालनका लागि डिजिटल सामग्री सहयोग सम्बन्धी कार्यक्रम'** सञ्चालन हुने भएको हुँदा काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाका तोकिए वमोजिमको शिक्षक दरवन्दी कम भएका इच्छुक सामुदायिक माध्यमिक विद्यालयवाट सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। सो सम्वन्धी विस्तृत जानकारीका लागि शिक्षा विकास निर्देशनालय, वागमती प्रदेश, हेटौंडाको वेवसाइट http://edd.bagamati.gov.np/ र यस कार्यालयको वेवसाइट http://103.140.1.186/ हेर्न सकिनेछ ।

कार्यालय प्रमुख

रत्न माया स्याक
कार्यालय प्रमुख